# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०२।१८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला नुवाकोट, डिभिजन वन कार्यालयका प्रमुख डिभिजन वन अधिकृत १० औं तह जय मंगल प्रसादले खानीसम्बन्धि कामको लागी विभिन्न बरबहाना गरी काममा अवरोध सृजना गर्दै सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिई गएको टोलीले निज जय मंगल प्रसादलाई सेवाग्राहीसँग रु.१,००,०००।– (एक लाख) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा डिभिजन वन कार्यालय, नुवाकोटका प्रमुख जय मंगल प्रसादले विभिन्न बहाना बनाई चुनढुङ्गा उत्खनन गर्न रोक लगाई आफ्नो पद, ओहोदा र अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गर्ने बदनियत मनसाय (Malafide Intention) राखी मोलमोलाई गरी सेवाग्राहीलाई घुस/रिसवत दिन बाध्य बनाई चुनढुङ्गा निकासी गर्न छोडपूर्जी दिने शर्तमा घुस/रिसवत रु. १,००,०००।— (एक लाख) तत्काल बुझी लिई बाँकी रकम काठमाडौंमा दिनु भनी रु. ५,००,०००।— (पाँच लाख) समेत लिन मन्जुर गरी जम्मा रु. ६,००,०००।— (छ लाख) घुस/रिसवत लिन मन्जुर गरेको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज जय मंगल प्रसादलाई बिगो रु. ६,००,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला